देवाही गोनाही नगरपालिका कार्यालयको आज मिति २०८३/०६/१९ गते बिहिबारका दिन दिउसो १:०० बजे नगरपालिकाको कार्यवाहक नगर प्रमुख श्री परनिया देवी ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नगर पालिकाको सभा कक्षमा बस्यो । बैठकमा उपस्थिती , प्रस्ताव र निर्णयहरु निम्नानुसार रहेको छ ।

## उपस्थिति :-

| क.सं. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री परनिया देवी | कार्यवाहक नगर प्रमुख | |
| २ | श्री सफिना खातुन | वडा अध्यक्ष-१ | |
| ३. | श्री अतिक् | वडा अध्यक्ष-२ | |
| ४ | श्री संजय प्रसाद पटेल | वडा अध्यक्ष-३ | |
| ५ | श्री नैमुदिन मियाँ अन्सारी | कार्यवाहक वडा अध्यक्ष-४ | |
| ६ | श्री ओपेन्द्र साह कानू | वडा अध्यक्ष-५ | |
| ७ | श्री विष्णमु दास | वडा अध्यक्ष-६ | |
| ८ | श्री उपेन्द्र राय यादव | वडा अध्यक्ष-७ | |
| ९ | श्री विजय प्रसाद पटेल | वडा अध्यक्ष-८ | |
| १० | श्री बिरबहादुर साह | वडा अध्यक्ष-९ | |
| ११ | श्री रहिमा बेगम | कार्यपालिका सदस्य | |
| १२ | श्री अमेरिखा देवी | कार्यपालिका सदस्य | |
| १३ | श्री चुल्हिया देवी | कार्यपालिका सदस्य | |
| १४ | श्री जसोधा देवी | कार्यपालिका सदस्य | |
| १५ | श्री विन्देश्वर प्रसाद जैसवाल | कार्यपालिका सदस्य | |
| १६ | श्री अजयकान्त साह | कार्यपालिका सदस्य | |
| १७ | श्री अंजिला देवी | कार्यपालिका सदस्य | |
| १८ | श्री सुरेश साह कलवार | कार्यपालिका सदस्य | |
| १९ | श्री सानुवाबु अधिकारी | प्रमुख प्रशासकीय अधिकृत | |

CamScanner

प्रस्तावहरु :-

१."देवाही गोनाही नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६" संशोधन सम्बन्धमा ।

२.नगर स्तरीय योजनाको उपभोक्ता समिति गठन सम्बन्धमा ।

३.जग्गा वर्गीकरण फरक सम्बन्धमा ।

४.ईजाजत पत्र सम्बन्धमा ।

५.पोखरी ठेक्का सम्बन्धमा ।

६.बैठक हल सम्बन्धमा ।

**निर्णय नं.१** प्रस्ताव नं.१ माथि छलफल छलफल गर्दा "देवाही गोनाही नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६" परिच्छेद-२ दफा ४ को उपदफा १(क) पछि देहायको व्यवस्था थप गर्ने :-

- यसरी गठन भएको उपभोक्ता समिति यस नगरपालिकामा दर्ता गर्नुपर्नेछ । दर्ता गर्दा लाग्ने दस्तुर आर्थिक ऐन, २०८३ बमोजिम हुनेछ ।
- उपभोक्ता समिति गठन गर्न दिनुपर्ने निवेदनको ढाँचामा तथा प्रमाणपत्र यसै कार्यविधिकको अनुसुची-५ र ६ बमोजिम हुनेछ ।

CamScanner

**अनुसूची-५**

**दफा ४ सँग सम्बन्धित**

**उपभोक्ता समिति दर्ताका लागि निवेदन**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
देवाही गोनाही नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
प्रेमपुर गोनाही, रौतहट

विषय : उपभोक्ता समिति दर्ता गरी पाऊँ ।

महोदय,

यस देवाही गोनाही नगरपालिका वडा नं. .... स्थित ........................................ आयोजना/कार्यक्रम सञ्चालन गर्न मिति ................ गते सम्पन्न आमभेलाबाट देहाय बमोजिमको उपभोक्ता समिति गठन भएको हुँदा **"देवाही गोनाही नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६"** परिच्छेद-२ दफा ४ को उपदफा १(क) बमोजिम उक्त समिति दर्ता गरी प्रमाणपत्र उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछौं ।

आयोजनाको नाम : ........................................
आयोजना स्थल : ........................................
वडा नं. : ........................................
कुल लागत अनुमान : रु. ........................................
नगरपालिकाको योगदान : रु. ........................................
जनसहभागिता : रु. ........................................
आयोजना सम्पन्न गर्नुपर्ने अवधि : ........................................

उपभोक्ता समितिका पदाधिकारी

| क्र.सं. | नाम थर | पद | ठेगाना | सम्पर्क नं. | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | अध्यक्ष | | | | |
| २. | | उपाध्यक्ष | | | | |
| ३. | | सचिव | | | | |
| ४. | | कोषाध्यक्ष | | | | |
| ५. | | सदस्य | | | | |
| ६. | | सदस्य | | | | |
| ७. | | सदस्य | | | | |

निवेदक :
नाम : ........................
पद : अध्यक्ष
दस्तखत : ........................................
मिति : ........................................

CamScanner

अनुसूची-५
दफा ४ सँग सम्बन्धित
उपभोक्ता समिति दर्ता प्रमाणपत्र

# देवाही गोनाही नगरपालिका नगर कार्यपालिकाको कार्यालय
## प्रेमपुर गोनाही, रौतहट
## उपभोक्ता समिति दर्ता प्रमाणपत्र

दर्ता नं. : .........................
मिति : २०/...../....

यस देवाही गोनाही नगरपालिका वडा नं..... मा रहेको ......................................................... नामक उपभोक्ता समिति **"देवाही गोनाही नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६"** परिच्छेद-२ दफा ४ को उपदफा १(क) बमोजिम नगरपालिकाको अभिलेखमा दर्ता/सूचीकृत गरिएको प्रमाणित गरिन्छ ।

आयोजनाको नाम : .......................................
आयोजना स्थल : .......................................
समिति गठनको मिति ...................................
कार्यविधि.....................................................

| क.सं. | नाम थर | पद | ठेगाना | कैफियत |
|---|---|---|---|---|
| १. | | अध्यक्ष | | |
| २. | | उपाध्यक्ष | | |
| ३. | | सचिव | | |
| ४. | | कोषाध्यक्ष | | |
| ५. | | सदस्य | | |
| ६. | | सदस्य | | |
| ७. | | सदस्य | | |

यो प्रमाणपत्र आयोजना/कार्यक्रमको कार्यान्वयन तथा यस कार्यविधि बमोजिम १ (एक) आर्थिक वर्षको लागि मात्र कायम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत
नाम .......................
दस्तखत : ....................
कार्यालयको छाप

CS CamScanner

➤ "देवाही गोनाही नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६" को परिच्छेद-२ को दफा ४(ग) मा थप :- आयोजनाको कार्यक्षेत्र र सो बाट प्राप्त हुने लाभग्राही एक भन्दा बढी वडाहरु हुने भएमा त्यसता सरोकारवाला सबैलाई जानकारी गराउनुपर्नेछ ।

निर्णय नं.२ प्रस्ताव नं.२ माथि छलफल हुंदा नगर स्तरीय योजनाको हकमा "देवाही गोनाही नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६"को दफा ४ (ग) बमोजिम यस कार्यपालिका सदस्य/योजना शाखा प्रमुख कर्मचारी श्री मुकेश कुमार पटेलको रोहबरमा उपभोत्ता समिति गठन गरी कार्यवाहक नगर प्रमुखको सिफारिस सहित जिम्मेवारी तोक्ने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

निर्णय नं.३ प्रस्ताव नं.३ माथि छलफल हुंदा स्थानीय भु-उपयोग ऐन, २०७६, र नियमावली, २०७९ अनुसार यस नगरपालिकाको जग्गा वर्गीकरण गरिएकोमा वर्गीकरणमा यस नगरपालिका भित्रका वडा नं.६ कर्कच कर्मैयाको केही जग्गा वर्गीकरणमा छुट भई समावेश हुन नसकेकोले उक्त कित्तालाई तपसिल बमोजिमको शिर्षकमा वर्गीकरण गरी सिफारिस गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो ।

| क्र.सं. | जग्गा धनीको नाम | साविक वडा नं. | हालको वडा नं. | वर्गीरकणमा छुट कित्ता नं. | क्षेत्रफल | साविक वर्गीकरण | हलको वर्गीकरण |
|---|---|---|---|---|---|---|---|
| १. | पुस्पा देवी | १ | ६ | ६४ | ०-९-५-० | छुटमा परेको | कृषि योग्य |

निर्णय नं.४ प्रस्ताव नं.४ माथि छलफल हुंदा यस देवाही गोनाही नगरपलिकाको "घ"वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७६ बमोजिम "घ" वगको ईजाजतपत्रको लागि श्री बिल्डम कन्सट्रक्सन प्रा.लि.देवाही गोनाही न.पा.५ रौतहटले पेश गरेको कागजातहरु नियमानुसार प्रकृया पुरा गरी आएकोमा निजलाई "घ" वर्गको ईजाजत पत्र प्रदान गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.५ प्रस्ताव नं.५ माथि छलफल हुंदा यस देवाही गोनाही नगरपालिका वडा नं.८ नगरपालिका भवन अगाडी रहेको/प्रङ्गणमा रहेको कित्ता नं.२९४ र ५-९-१०.क्षेत्रफलको पोखरी प्राविधिक मुल्यांकन गरी अगामी ५ (पांच) वर्षको लीग ठेक्कामा लगाउने प्रकृया अगाडी बढाउने निर्णय सर्वसम्मबाट पारित गरियो ।

निर्णय नं.६ प्रस्ताव नं.६ माथि छलफल हुंदा यस नगरपालिकाको नवनिर्मित भवनमा बैठक कक्ष कक्षको अभाव रहेकोले नियमित कार्यपालिका बैठक एवम कार्यपालिका नियमित बैठक बस्न समेत समस्या भएकोले एक सुविधा सम्पन्न बैठक कक्ष बनाई सोही हलमा अगामी दिनमा कार्यपालिका बैठक एवं नियमित बैठक राख्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं.६ प्रस्ताव नं.६ माथि छलफल हुँदा यस देवाही गोनाही नगरपालिका क्षेत्रभित्रका स्थानीय बासोबास गर्ने विभिन्न प्रकारका बिरामी/पिडित व्यक्तिहरुले आर्थिक सहयोगको लागि पेश गरेको कागजातहरुको आधारमा तपसिल बमोजिमका दरले आर्थिक सहयोग दिने निर्णय गरियो ।

तपसिल :-

| क्र.सं. | पिडित व्यक्तिको नाम थर | ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | श्री सियापति देवी | देवाही गोनाही न.पा.८ | ८,०००।- | |
| २. | श्री विरेन्द्र पंडित | देवाही गोनाही न.पा.९ | ८,०००।- | |
| ३. | श्री सैदा खातुन | देवाही गोनाही न.पा.१ | ८,०००।- | |
| ४. | श्री रामवृक्ष राय यादव | देवाही गोनाही न.पा.५ | ८,०००।- | |
| ५. | श्री असिया देवी | देवाही गोनाही न.पा.७ | ८,०००।- | |
| ६. | श्री रामबालुक राउत कुर्मी | देवाही गोनाही न.पा.८ | ८,०००।- | |
| ७. | श्री गायत्री देवी | देवाही गोनाही न.पा.८ | ८,०००।- | |
| ८. | श्री लाला बहादुर पंडित | देवाही गोनाही न.पा.९ | ८,०००।- | |

CamScanner